**सर्वोच्च अदालत, संवैधानिक इजलास**

**सम्माननीय प्रधान न्यायाधीश श्री प्रकाशमान सिंह राउत**

**माननीय न्यायाधीश श्री कुमार रेग्मी**

**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**

**माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी**

**माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ**

**आदेश**

**विषयः उत्प्रेषणसमेत।**

**०७४-wc-००७२**

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १६ बनस्थली बस्ने कपिलराम श्रेष्ठको छोरा अधिवक्ता उज्वलराम श्रेष्ठ .....................................१ — निवेदक

विरुद्ध

न्याय परिषद्, रामशाहपथ, काठमाडौं .......................................................१
न्याय सेवा आयोग, रामशाहपथ, काठमाडौं ................................................१ — विपक्षी

**०७४-wc-००७५**

खोटाङ जिल्ला, बिजयखर्क गा.वि.स. वडा नं. ३ हाल परिवर्तित मझुवागढी नगरपालिका वडा नं. १५ घर भई हाल जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ हनुमानस्थानमा सहारा ल फर्म सञ्चालन गरी बस्ने अधिवक्ता तोयानाथ ढुङ्गाना.................................................................................१ — निवेदक

**विरुद्ध**

न्याय परिषद् सचिवालय, काठमाडौं .........................................................१
न्याय सेवा आयोग, काठमाडौं ...................................................................१ — विपक्षी

सम्माननीय प्रधान न्यायाधीश तथा न्याय परिषद् एवम् न्याय सेवा आयोग समेतका अध्यक्ष श्री दीपकराज जोशीज्यू, सर्वोच्च अदालत, काठमाडौ ..........................१

सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश तथा न्याय परिषद् एवम् न्याय सेवा आयोग सदस्य श्री ओमप्रकाश मिश्रज्यू, सर्वोच्च अदालत, काठमाडौं....................१

माननीय न्याय परिषद् सदस्य श्री रामप्रसाद सिटौलाज्यू, न्याय परिषद् सचिवालय, काठमाडौं ...........................................................................................१

माननीय न्याय परिषद् सदस्य श्री पदम बैदिकज्यू, न्याय परिषद् सचिवालय, काठमाडौं ...........................................................................................१

माननीय संघीय कानून मन्त्री तथा न्याय परिषद् एवम् न्याय सेवा आयोगका सदस्य श्री सेर बहादुर तामाङज्यू, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं ...........................................................................................१

माननीय महान्यायाधिवक्ता तथा न्याय सेवा आयोगका सदस्य श्री अग्नी प्रसाद खरेल ज्यू, महान्यायाधिवक्ताको कार्यालय, सिंहदरबार, काठमाडौं.............................१

लोक सेवा आयोगका अध्यक्ष तथा न्याय सेवा आयोगका सदस्य श्री उमेशप्रसाद मैनाली ज्यू, लोक सेवा आयोग, केन्द्रीय कार्यालय, सिंहदरबार, काठमाडौं...........१

नवनियुक्त माननीय जिल्ला न्यायाधीश श्री कुलप्रसाद पाण्डेज्यू, सरुमारानी-३ प्युठान स्थायी ठेगाना भई हाल न्याय परिषद् सचिवालय, काठमाडौं............................१

नवनियुक्त माननीय जिल्ला न्यायाधीश श्री नन्दकिशोर प्रसाद यादवज्यू, गौर-७ रौतहट स्थायी ठेगाना भई हाल न्याय परिषद् सचिवालय, काठमाडौं...................१

नवनियुक्त माननीय जिल्ला न्यायाधीश श्री कमला पौडेलज्यू, गितानगर-७ चितवन स्थायी ठेगाना भई हाल न्याय परिषद् सचिवालय, काठमाडौं............................१

नवनियुक्त माननीय जिल्ला न्यायाधीश श्री सुमनकुमार न्यौपानेज्यू, जनकपुर-४ धनुषा स्थायी ठेगाना भई हाल न्याय परिषद् सचिवालय, काठमाडौं............................१

नवनियुक्त माननीय जिल्ला न्यायाधीश श्री प्रमेश पोखरेलज्यू, इनरुवा-४ सुनसरी स्थायी ठेगाना भई हाल न्याय परिषद् सचिवालय, काठमाडौं ............................१

नवनियुक्त माननीय जिल्ला न्यायाधीश श्री इश्वरीप्रसाद भण्डारीज्यू, तिलोत्तमा-८ रुपन्देही स्थायी ठेगाना भई हाल न्याय परिषद् सचिवालय, काठमाडौं ...............१

नवनियुक्त माननीय जिल्ला न्यायाधीश श्री रामप्रसाद बस्यालज्यू, बगनासपाली, पाल्पा स्थायी ठेगाना भई हाल न्याय परिषद् सचिवालय, काठमाडौं............................१

नवनियुक्त माननीय जिल्ला न्यायाधीश श्री तेजबहादुर खड्काज्यू, कुम्मायक-५ पाँचथर स्थायी ठेगाना भई हाल न्याय परिषद् सचिवालय, काठमाडौं ..................१

नवनियुक्त माननीय जिल्ला न्यायाधीश श्री सन्तोषप्रसाद पराजुलीज्यू, पाख्रिबास-१० धनकुटा स्थायी ठेगाना भई हाल न्याय परिषद् सचिवालय, काठमाडौं .................१

नवनियुक्त माननीय जिल्ला न्यायाधीश श्री केदारनाथ पौडेलज्यू, मादी-७ कास्की स्थायी ठेगाना भई हाल न्याय परिषद् सचिवालय, काठमाडौं ............................१

**०७८-WC-००४०**

बागलुङ जिल्ला, साबिक दर्लिङ वडा नं. २ हाल परिवर्तित बढीगाङ नगरपालिका वडा नं. ९ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २९ न्युप्लाजा बस्ने अधिवक्ता शिवजी भण्डारी ..........................................१ निवेदक

ताप्लेजुङ जिल्ला साबिक तल्लोक गा.वि.स. वडा नं. ७ हाल परिवर्तित सिरजङ्गा गाउँपालिका वडा नं. ४ बस्ने अधिवक्ता रनबहादुर थेवे ...............................१

विरुद्ध

न्याय परिषद्, सिंहदरबार, काठमाडौं ......................................................१

न्याय सेवा आयोग, सिंहदरबार, काठमाडौं ................................................१ विपक्षी

लोक सेवा आयोग, केन्द्रीय कार्यालय, काठमाडौं .......................................१

नेपालको संविधानको धारा १३३ (१) समेत बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गत संवैधानिक दायरीमा दर्ता भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यस प्रकार रहेको छ।

**तथ्यगत बेहोरा**

**रिट नं ०७४-WC-००७२ रिट निवेदनको संक्षिप्त बेहोरा:-**

१. नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (क) (ख) र (ग) मा जिल्ला न्यायाधीशको रिक्त पद पूर्तिका लागि छुट्टाछुट्टै तोकिएको योग्यता बमोजिमको व्यक्तिहरूमध्येबाट नियुक्ति हुने प्रतिशत छुट्याएको छ। यसरी निर्धारित प्रतिशतमध्ये संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (क) बमोजिम २०% पद मात्र

ज्येष्ठता, योग्यता र कार्यक्षमताको मूल्याङ्कनको आधारमा आन्तरिक बढुवामार्फत पूर्ति हुने र बाँकी रिक्त पद परीक्षामार्फत पूर्ति हुने भनी छुट्याएको छ। यसरी परीक्षामार्फत पूर्ति गर्ने रिक्त पदसमेत आन्तरिक बढुवामा समाहित गर्ने अधिकार विपक्षी न्याय परिषद्लाई छैन। हालै न्याय परिषद्को मिति २०७४।०८।२७ को निर्णयबमोजिम न्याय सेवा आयोगले जिल्ला न्यायाधीशको परीक्षा सञ्चालनसम्बन्धी प्रकाशित सूचना नं. १/०७४-७५ मा नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम रिक्त ३० दरबन्दीको लागि मिति २०७४।१०।१३ देखि मिति २०७४।१०।१६ सम्म सञ्चालित परीक्षामा १६ उत्तीर्ण भई १४ पद रिक्त नै भएको छ। न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (४) मा संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम छुट्याइएको पदमा विज्ञापन भएको वर्षमा उपयुक्त उम्मेदवार नभई नियुक्तिका लागि सिफारिस हुन नसकेमा संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (क) बमोजिम पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ भनी व्यवस्था गरेको रहेछ। उक्त नियम ६ उपनियम (४) मा भएको व्यवस्था संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) सँग प्रष्ट बाझिएको अवस्था रहेको छ। यसका अतिरिक्त जिल्ला अदालतको रिक्त न्यायाधीशको पदमा नियुक्ति गर्दा पनि संविधानको धारा २८३ बमोजिम समावेशी सिद्धान्तअनुरुप गर्नुपर्ने हुन्छ। न्याय सेवा आयोग ऐन, २०७३ को दफा १४ ले समानुपातिक समावेशी सिद्धान्तको आधारमा रिक्त पदसङ्ख्या खुलाई विज्ञापन प्रकाशन गर्नुपर्ने व्यवस्था गरेकोमा सोबमोजिम विज्ञापन भएको छैन।

यसरी परिषद्द्वारा निर्मित न्याय परिषद् नियमावली, २०७४ को नियम ६(४) संविधानको धारा १४९ को उपधारा (२) को व्यवस्थासँग बाझिएकोबाट उत्पन्न भई रहेको जटिल परिस्थितिबाट म निवेदक कानून व्यवसायी तथा राजपत्राङ्कित अधिकृत र स्वयम् विपक्षीहरूलाई समेत उन्मुक्ति दिलाई न्यायाधीश नियुक्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुर्‍याउनका लागि संविधानसँग बाझिएको उल्लिखित नियम बाझिएको हदसम्म अमान्य र बदर घोषित गरी पाऊँ। साथै यसै बिचमा विपक्षीहरूले उल्लिखित न्याय परिषद् नियमावली, २०७४ को नियम ६ (४) बमोजिम जिल्ला न्यायाधीशको नियुक्ति गरेमा प्रस्तुत रिट निवेदन निरर्थकसमेत हुने हुँदा प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म संवैधानिक प्रावधान प्रतिकूल रहेको उल्लिखित नियम ६(४) कार्यान्वयन नगर्नु नगराउनु, सो उपनियमबमोजिम हुने जिल्ला न्यायाधीशको रिक्त पदपूर्ति सम्बन्धमा कुनै कार्य नगर्नु

नगराउनु भनी अन्तरिम आदेश समेत जारी गरी पाऊँ भन्ने समेत बेहोराको रिट निवेदक अधिवक्ता उज्वलराम श्रेष्ठले यस अदालतमा दायर निवेदनपत्र।

<u>रिट नं. ०७४-wc-००७५ रिट निवेदनको संक्षिप्त बेहोरा:-</u>

२. म निवेदक नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ग) बमोजिम छुट्याइएको जिल्ला न्यायाधीश पदको उम्मेदवार हुन योग्य व्यक्ति हुँ। नेपालको संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गत समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिता तथा धारा २८३ मा संवैधानिक अंग र पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्तको सुनिश्चितता गरेको छ। न्याय परिषद् नियमावलीको नियम ६ को उपनियम (३) ले धारा ४२ मा उल्लिखित १५ वटा समुदायमध्ये महिला, आदिवासी जनजाती, मधेशी, दलित, अपाङ्गता, पिछडिएको क्षेत्र गरी ६ समूहलाई मात्र समावेश गरी बाँकी ९ समूहलाई समावेश नगरी जिल्ला न्यायाधीशको परीक्षा लिने व्यवस्था गरेकोले उक्त नियम ६(३) अमान्य र बदर घोषित गरी नेपालको संविधानको धारा ४२(१) तथा धारा २८३ बमोजिम धारा १४९(क) (ख) (ग) अनुसारका जिल्ला न्यायाधीश पदमा उम्मेदवारहरूलाई तिनै समूहको लागि समावेशिता तथा समानुपातिकता तर्फ उपयुक्त उम्मेद्वार पाए सम्म १५ वटै समूहको लागि समान रुपमा प्रतिशत छुट्याई नियुक्तिको व्यवस्था हुने गरी नियमावली बनाउनु भनी विपक्षी न्याय परिषद्का नाउँमा र सोही अनुसार परीक्षा सञ्चालन गर्नु भनी विपक्षी न्याय सेवा आयोगका नाउँमा परमादेश लगायतको आदेशसमेत जारी गरी पाऊँ।

यस्तै न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम ४ ले खुला प्रतियोगितात्मक परीक्षाबाट जिल्ला न्यायाधीशको पदपूर्ति नभएमा संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (क) बमोजिम पदपूर्ति गर्ने भन्ने व्यवस्था नेपालको संविधानबमोजिम हुने जिल्ला न्यायाधीशको पदपूर्तिको व्यवस्थासँग बाझिएको हुँदा उक्त नियम ६ को उपनियम (४) लागु भएकै मितिदेखि अमान्य र बदर घोषित गरी जिल्ला न्यायाधीश पदका उम्मेदवारहरूलाई संविधानको धारा १८ बमोजिम कुनै भेदभाव नगरी पहिलो विज्ञापनमा उपयुक्त उम्मेदवार नभए सोही साल अर्को विज्ञापन गरी वा आउँदो सालको विज्ञापनमा सो नपुग पद समावेश गरी नियुक्तिको व्यवस्था हुने गरी नियमावली बनाई नियुक्ति गर्नु भनी विपक्षी न्याय परिषद्का नाउँमा परमादेश लगायतको आदेशसमेत जारी गरी पाऊँ।

विपक्षी न्याय सेवा आयोगले सूचना नं. १/०७४-०७५ मा नेपालको संविधानको धारा

१४९ को उपधारा २(ख) र (ग) बमोजिम भनी जिल्ला न्यायाधीशको पदमा प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पदपूर्ति गर्नका लागि विज्ञापन प्रकाशन गरी न्याय परिषद् नियमावली, २०७४ को नियम ६(३) ले नेपालको संविधानको धारा ४२(१) र धारा २८३ को उल्लङ्घन गरी समावेशिताको सिद्धान्तबमोजिम कोटा नछुट्याई मिति २०७४।१०।१३ देखि २०७४।१०।१६ सम्म परीक्षा लिई नतिजा प्रकाशन भएको थियो। सो पश्चात सूचना नं. ३।०७४।०७५ मिति २०७४।१२।१४ मा विपक्षी १६ जना नवनियुक्त जिल्ला न्यायाधीहरूको अन्तिम नतिजाको योग्यताक्रम सूची प्रकाशन गरी अन्तमा न्याय परिषद्ले १६ जना न्यायाधीशहरूको नियुक्ति गरिएको कार्य गैरसंवैधानिक छ।

तसर्थ, सूचना नं. १ को विज्ञापन, नतिजा प्रकाशन लगायतका निर्णय उत्प्रेषणले बदर गरी पुन: रिक्त जिल्ला न्यायाधीशहरू नेपालको संविधानको धारा ४२, २८३ र १४९ (क) (ख) (ग) बमोजिम सबै समूहको प्रतिनिधित्व हुने गरी नियुक्ति गर्नु एवम् नवनियुक्त विपक्षी जिल्ला न्यायाधीशहरूको नियुक्ति पश्चातका कार्यक्रमहरूमा सरिक नगराउनु तथा जिल्ला न्यायाधीशको हैसियतले कुनै कामकाज नगराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गरी पाऊँ। प्रस्तुत निवेदनको अन्तिम टुंगो नलागेसम्म न्याय परिषद् नियमावली, २०७४ को नियम ६(४) बमोजिम हुने नियुक्ति प्रकृया यथावत राख्नु भनी अन्तरिम आदेश जारी गरी पाऊँ भन्नेसमेत बेहोराको रिट निवेदक तोयानाथ ढुंगानाले यस अदालतमा दायर रिट निवेदनपत्र।

**<u>रिट नं ०७८-wc-००४० रिट निवेदनको संक्षिप्त बेहोरा:-</u>**

३. म निवेदक जिल्ला न्यायाधीशको परीक्षा दिँदै आएको व्यक्ति हुँ। नेपालको संविधानको धारा १४९(१)(२)(क)(ख) र (ग) को व्यवस्था हेर्दा जिल्ला अदालतका न्यायाधीश पदमध्ये २०% ज्येष्ठता, योग्यता र कार्य क्षमताको मूल्याङ्कनको आधारमा र बाँकी ४०% आन्तरिक प्रतियोगिताबाट र ४०% खुल्ला प्रतियोगितात्मक परीक्षाको आधारमा पदपूर्ति गर्नुपर्ने स्पष्ट संवैधानिक प्रावधान रहेको छ। यी दुवै पदपूर्ति फरक फरक मूल्य मान्यता, सिध्दान्तमा आधारित छन्। न्याय सेवा आयोगको मिति २०७८।११।८ गतेको बैठकबाट लिखित परीक्षा सञ्चालन मिति २०७८।०६।१२, १४, १५, १७ गते सञ्चालन भएको जिल्ला न्यायाधीशको परीक्षामा जम्मा ३ जना मात्र उम्मेदवार उत्तीर्ण भएको र १५ पद खाली नै रहेको देखिन्छ। यो परीक्षा लोक सेवा आयोगबाट योग्यता प्रणालीअन्तर्गत लिने विषय हो। ८०% प्रतिशत पदमा खुला प्रतियोगितात्मक परीक्षाबाट

पदपूर्ति गर्ने स्पष्ट व्यवस्था गरी योग्यता प्रणाली Merit system लाई प्रोत्साहित गरेकोमा सो व्यवस्था विपरीत न्याय परिषद् नियमावली, २०७४ को नियम ६(४) ले योग्यता प्रणालीको पदलाई सो वर्ष पदपूर्ति नभएमा ज्येष्ठता, योग्यता र कार्य सम्पादनबाट परिपूर्ति गर्ने व्यवस्था गरेको हुँदा ज्येष्ठता कार्यसम्पादन मूल्याङ्कनबाट प्रतियोगितात्मक परीक्षाबाट उम्मेदवार छनोट हुन नसक्ने हुँदा सो व्यवस्था सेवा कानूनको विधिशास्त्र र Merit system को मान्यता विपरीत रहेको छ। यस्तै न्याय सेवा आयोगबाट नियुक्ति हुने जिल्ला न्यायाधीश भन्दा मर्यादाक्रममा माथि रहेको न्याय सेवा अन्तर्गतको सहसचिव पदमा लोक सेवा आयोगले लिने परीक्षा उत्तीर्णाङ्क ४० अङ्क रहेको, लोक सेवा आयोगबाट लिने रा.प.अनंकित र राजपत्राङ्कित पदहरूमा उत्तीर्णाङ्क ४० अङ्क रहेको तर जिल्ला न्यायाधीशको परीक्षामा उत्तीर्णङ्क ५० अङ्क ल्याउनुपर्ने गरी न्याय सेवा आयोग ऐन, २०७३ को दफा १३(४) को कानूनी व्यवस्था समानताको सिद्धान्त, रोजगारीको हक र श्रमको हकसम्बन्धी मौलिक हक र सेवा कानूनसम्बन्धी विधिशास्त्रिय मान्यता विपरीत रहि बदरभागी छ। यो असमान कानूनको कारण परीक्षामा परीक्षार्थीहरू अनुत्तीर्ण भई पदपूर्ति हुन नसक्ने अवस्था रहेको छ। न्याय सेवा आयोग ऐन, २०७३ को दफा १३(४) को कानुनी व्यवस्था संविधानको धारा १८, ३३, ३४, १४९(२)(ख) र (ग), धारा १४९(३) तथा न्याय परिषद् ऐन, २०७३ को दफो ८ सँग बाझिएको बदर गरी पाऊँ। न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (४) लाई संविधानसँग बाझिएकोले अमान्य घोषित गरिपाऊँ। यसपछि जिल्ला न्यायाधीशको पदको विज्ञापन गरी परीक्षा सञ्चालन गर्दा न्याय सेवा अन्तर्गत सहसचिवको प्रतियोगितात्मक परीक्षाको उत्तीर्णाङ्कसँग समानुपातिक हुने जिल्ला न्यायाधीशको परीक्षा सञ्चालन गर्नु भनी विपक्षीका नाउँमा उत्प्रेषण, लगायत उपयुक्त आदेश जारी गरी पाऊँ भन्नेसमेत बेहोराको रिट निवेदक शिवजी भण्डारीले यस अदालतमा पेस गरेको निवेदनपत्र।

**<u>रिट नं ०७४-wc-००७२ को पूरक निवेदनको संक्षिप्त बेहोरा:-</u>**

४. निवेदन दर्ताको प्रकृयामै छँदाको अवस्थामा विपक्षी न्याय परिषद्ले मिति २०७५।०३।०७ गते पुनः उक्त विज्ञापनमा उपयुक्त उम्मेदवार नपाएर पूर्ति हुन नसकेका पदहरूसमेत म निवेदकले लागु भएकै मितिदेखि बदर माग गरेको न्याय परिषद् नियमावली, २०७४ को नियम ६(४) बमोजिम नेपालको संविधानको धारा १४९(२) खण्ड (क) तर्फ समावेश गरी नियुक्ति गरेको हुँदा उक्त नियुक्तिमा पर्नु भएका मा.न्या. ज्यूहरूलाई समेत विपक्षी कायम गरी मूल निवेदनमा माग गरिएबमोजिम उक्त मिति

२०७५।०३।०७ गतेको नियुक्ति निर्णय, दुवै चरणमा भएको सपथसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी पुनः रिक्त जिल्ला न्यायाधीश पदहरू सबै समूह र खण्डको संविधानले तोके बमोजिमको प्रतिनिधित्व हुने गरी नियुक्ति गर्नु एवम् नवनियुक्त विपक्षी जिल्ला न्यायाधीशहरूलाई पदस्थापन तथा तालिम लगायतमा सरिक नगराउनु तथा जिल्ला न्यायाधीशको हैसियतले कुनै कामकाज नगराउनु भनी विपक्षी न्याय परिषद् र विपक्षी सम्माननीय प्रधान न्यायाधीश श्री दिपकराज जोशी ज्यू तथा निज विपक्षी न्याय परिषद् सचिवालयका पदाधिकारीहरू समेतका नाउँ र नवनियुक्त विपक्षी सम्पूर्ण दुवै चरणमा नियुक्त माननीय जिल्ला न्यायाधीशहरूका नाउँमा परमादेश प्रतिषेध लगायत जो चाहिने आज्ञा आदेश जारी गरी उक्त मिति २०७५।०३।०७ को नियुक्ति प्रकृया प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म यथावत् राख्नु अगाडि नबढाउनु भनी विपक्षी सम्माननीय प्रधान न्यायाधीश तथा विपक्षी न्याय परिषद्समेतका नाउँमा अन्तरिम आदेशसमेत जारी गरी पाऊँ भन्ने रिट निवेदक तोयानाथ ढुङ्गानाले यस अदालतमा दायर गरेको पूरक निवेदन।

**रिट नं. ०७४-wc-००७२ मा भएको कारण देखाउ आदेशः-**

५. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार, कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७ दिन भित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथ राखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी लिखितजवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७५।३।८ मा भएको आदेश।

**रिट नं. ०७४-wc-००७५ मा भएको कारण देखाउ आदेशः-**

६. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानून बमोजिमको आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७ दिनभित्र विपक्षी नं. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखितजवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी लिखितजवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू भन्ने यस अदालतबाट मिति २०७५।०३।२९ मा भएको आदेश।

**रिट नं. ०७८-WC-००४० मा भएको कारण देखाउ आदेशः-**

७. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुँन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सोसमेत साथै राखी सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (१) मा उल्लेख भएबमोजिम यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७(सात) दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखितजवाफ पेस गर्नु भनी प्रत्यर्थीहरूलाई यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी सूचना म्याद जारी गरी लिखितजवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि पेस गर्नु। साथै अधिवक्ता उज्वल राम श्रेष्ठ विरुद्ध न्याय परिषद्समेत (०७४-WC-००७२) र अधिवक्ता तोयानाथ ढुंगाना विरुद्ध न्याय परिषद्समेत (०७४-WC-००७५) भएको रिट निवेदनसमेत साथै राखी नियमानुसार पेस गर्नु। निवेदकले माग गरेको अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा, निवेदकले उठाएको विषयवस्तु पूर्ण सुनुवाइ हुँदाका बखत निरूपण हुनु पर्ने प्रकृतिको देखिँदा हाललाई निवेदन मागबमोजिम अन्तरिम आदेश जारी गरिरहनु परेन भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७९।१।९ मा भएको आदेश।

**प्रत्यर्थीहरूबाट पेस भएका लिखित जवाफहरू;-**

**न्याय परिषद् तथा न्याय सेवा आयोग लिखितजवाफ (रिट नं. ०७४-WC-००७२ मा):**

८. निजामती सेवाका पदहरू रिक्त भई प्रतियोगितात्मक परीक्षाबाट समेत पदपूर्ति हुन नसकेमा अर्को सालको लागि सारेर (Carry Forward) लाने र ती आवश्यक रिक्त पदमा अन्य निकायबाट काजमा लिएर वा अस्थायी पदपूर्ति गरेर सार्वजनिक सेवा प्रवाह गरिने गरेकोमा न्यायाधीशको पद त्यसरी निजामतीको पद जस्तो अन्य निकायबाट काजमा लिन सकिने वा अस्थायी रुपमा पदपूर्ति गर्न सकिने परिकल्पना संविधान तथा न्याय परिषद् ऐनले गरेको छैन। छिटो छरितो न्याय प्रदान गर्न र न्यायमा सबैको पहुँच बढाउनका लागि न्यायाधीशको पदपूर्ति हुन जरुरी हुन्छ। न्यायाधीशको पद रिक्त रही प्रतियोगितात्मक परीक्षा लिइरहने, पदपूर्ति नभइरहनेले न्यायपालिको जनविश्वासमा प्रश्न चिन्ह खडा गर्न सक्छन्। यस्तै लामो समयसम्म न्यायाधीशको पद रिक्त राख्नु भन्दा निकटताको सिद्धान्त (Doctrine of Proximity) बमोजिम नेपाल न्याय सेवाका द्वितीय श्रेणीका सम्भाव्य उम्मेदवारहरूमध्ये ज्येष्ठता, कार्यक्षमता र योग्यताको आधारमा पदपूर्ति गर्ने गरी न्याय परिषद् नियमावली, २०७४ को नियम ६(४) को प्रावधान राखिएको हो। अतः रिट निवेदनमा माग गरे बमोजिमको अवस्था नभई सोमा मौलिक परिवर्तन आई नियमावलीको नियम ६

को उपनियम (४) बमोजिम संविधानको धारा १४९(२)(ख) र (ग) बमोजिम पूर्ति हुन नसकेको पद संविधानको धारा १४९(२)(क) बमोजिम पूर्ति भइसकेको हुँदा रिट निवेदन मागदाबी निरर्थक भइसकेको अवस्था हुँदा रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत बेहोराको न्याय परिषद् तथा न्याय सेवा आयोगले यस अदालतमा पेस गरेको लिखितजवाफ।

**<u>न्याय परिषद् तथा न्याय सेवा आयोगको लिखितजवाफ (रिट नं. ०७४-WC-००७५ मा):</u>**

९. न्याय परिषद् नियमावली, २०७४ को नियम ६(३) को व्यवस्था अन्य सरकारी सेवामा रहेको समावेशी सिद्धान्तमा आधारित पदपूर्तिसम्बन्धी व्यवस्थामा पुनरावलोकन भएको अवस्थामा पुनरावलोकन गर्न सकिने व्यवस्था सोही नियमले गरेको हुँदा सो व्यवस्था संविधानसँग बाझिएको छैन। न्याय सेवा आयोगबाट जिल्ला न्यायाधीशको लागि उपयुक्त उम्मेदवार छनौट गरी पठाएबमोजिम न्याय परिषद्ले नियुक्तिको सिफारिस गरेको हो। न्याय सेवा आयोगबाट लिइएको परीक्षामा तीस जनाको पदपूर्तिमा सोह्र जना मात्र उत्तीर्ण भई बाँकी चौध जनाको हकमा के गर्ने भन्ने सम्बन्धमा ऐनको प्रबन्धको प्रतिकूल नहुने गरी बनेको न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (४) का आधारमा उपरोक्त बाँकी चौध जनाको रिक्त पदमा समेत नियुक्तिको लागि सिफारिस गरिएको कार्य संविधान र कानूनसम्मत छ। न्यायाधीशको पद निजामती सेवा ऐन तथा अन्य ऐन लागू हुने निजामती कर्मचारी वा अन्य कर्मचारीको जस्तो पद होइन। त्यसैले निजामती सेवा ऐन तथा अन्य अमुक ऐन नियममा भएजस्तो प्रबन्ध र प्रयोग गर्नुपर्छ भन्ने निवेदकको जिकिर संविधानसम्मत छैन। न्याय परिषद्को सर्वसम्मत निर्णयबाट जिल्ला न्यायाधीशहरू नियुक्त भई पदस्थापनसमेत भइसकेको सन्दर्भमा निवेदन जिकिर निरर्थक रहेको हुँदा रिट निवेदन खारेज गरि पाऊँ। साथै रिट नं. ०७४-WC-००७२ को उत्प्रेषण मुद्दामा लिखितजवाफ पेस गर्दा लिइएका आधारहरू समेत प्रस्तुत मुद्दाको अभिन्न अङ्ग मानी पाऊँ भन्नेसमेत बेहोराको न्याय परिषद् तथा न्याय सेवा आयोगले यस अदालतमा पेस गरेको लिखित जवाफ।

**<u>न्याय परिषद् तथा न्याय सेवा आयोगको लिखितजवाफ (रिट नं. ०७८-WC-००४० मा):</u>**

१०. न्याय परिषद् ऐनको दफा ८(१) मा संविधानको धारा १४९(२) को खण्ड (क), (ख) र (ग) बमोजिम पदपूर्तिको प्रतिशत निर्धारण गर्नेछ र सोही दफाको उपदफा (४) मा "न्याय परिषद्ले प्रत्येक वर्षको चैत्र मसान्तभित्र जिल्ला न्यायाधीशको पदपूर्ति गर्ने समयतालिका बनाउनुपर्नेछ" भनी व्यवस्थासमेत गरिएको छ। ऐनले गरेका यी व्यवस्थाबाट न्याय

परिषद्ले चैत्र मसान्तसम्म रिक्त भई प्रतिशत निर्धारणमा समावेश भएका पदहरू अर्को वर्षको प्रतिशत निर्धारण हुनु अगावै पदपूर्ति गरी सक्नुपर्छ भन्ने देखिन्छ। निजामती सेवाको पद र जिल्ला न्यायाधीशको पद अलग अलग कानूनले व्यवस्था गरेका पद भएकोले जिल्ला न्यायाधीशको पदका लागि लिइने परीक्षामा पनि निजामती पदमा सरह चालिस अङ्क उत्तीर्णाङ्क रहनुपर्ने भन्ने निवेदन जिकिरसमेत युक्तिसंगत देखिँदैन। तसर्थ न्याय परिषद् समेतलाई विपक्षी बनाई दायर हुन आएको प्रस्तुत रिट निवेदन आधारहिन भएकोले खारेज गरी पाऊँ भन्नेसमेत बेहोराको न्याय परिषद् र न्याय सेवा आयोगले यस अदालतमा पेस गरेको लिखित जवाफ।

**लोक सेवा आयोग, केन्द्रीय कार्यालय कमलपोखरीको लिखितजवाफ (रिट नं. ०७८-WC-००४० मा):**

११. कुनै पदको पदपूर्तिका लागि पाठ्यक्रम निर्धारण गर्दा आवश्यक विषयवस्तु, प्रश्नको प्रकार, उत्तीर्णाङ्क आदि विचार गरी निर्धारण हुने विषय भएकाले यो वा ऊ हुनुपर्ने भनी उम्मेदवारले माग राख्नु कानूनसम्मत विषय होइन। जिल्ला न्यायाधीश पदको लिखित परीक्षा सञ्चालन एवम् सोको नतिजा तयार गरी पठाउन लोक सेवा आयोगलाई अनुरोध एवम् समन्वय गरी अन्य परीक्षा कार्यक्रम सम्बन्धमा सूचना प्रकाशित गर्ने लगायतका आवश्यक व्यवस्था सचिवालयले गर्ने भनी न्याय सेवा आयोगको मिति २०७७।१२।०५ गते बसेको बैठकबाट निर्णय भई नेपालको संविधानको धारा १४९ को उपधारा (२) को देहाय (ख) बमोजिम (ख) र (ग) बमोजिम यस वर्ष प्रतिशत निर्धारण भई आएको जम्मा अठार जिल्ला न्यायाधीश पदको लिखित परीक्षा सञ्चालन, प्रश्नपत्र निर्माण तथा नतिजा प्रकाशनको लागि आवश्यक सहयोग र समन्वय गरिदिनुहुन भनी लेखी आएबमोजिम लोक सेवा आयोगबाट जिल्ला न्यायाधीशको पदको लिखित परीक्षा सञ्चालन हुँदै आएको र न्याय सेवा आयोगबाट स्वीकृत पाठ्यक्रम अनुसार नै परीक्षा सञ्चालन भएको हुँदा लोक सेवा आयोगलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन कानूनसम्मत नभएकाले खारेज भागी छ भन्ने समेत बेहोराको लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरीले यस अदालतमा पेस गरेको लिखितजवाफ।

**यस अदालतको आदेश**

१२. नियमबमोजिम मुद्दा पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएका प्रस्तुत निवेदनहरूमा मिसिल संलग्न कागजातहरूको अध्ययन गरी रिट निवेदक तथा

प्रत्यर्थीहरूको तर्फबाट देहाय बमोजिमका विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरू र विद्वान् सहन्यायाधिवक्ताले देहाय बमोजिम गर्नुभएको बहस समेत सुनियो:-

| रिट निवेदकतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरू | बहस बुँदा |
|---|---|
| निवेदक अधिवक्ता तोयानाथ ढुंगाना तथा विद्वान् अधिवक्ताहरू श्री किर्तिनाथ शर्मा, श्री चिरन्जिवी नेपाल, श्री राजीव बास्तोला, श्री तुलसीराम पोखरेल, श्री ज्ञानेन्द्रराज आरण, श्री रविन्द्र तामाङ, निवेदक अधिवक्ता श्री शिवजी भण्डारी र श्री रनबहादुर थेबे | (क) नेपालको संविधान मूल कानून हो। संविधानसँग बाझिने कुनै पनि कानून बाझिएको हदसम्म अमान्य र बदर हुन्छ।<br>(ख) नेपालको संविधानको धारा १४९ को उपधारा (२) मा २० प्रतिशत ज्येष्ठताबाट तथा ४० प्रतिशत आन्तरिक प्रतियोगिताबाट र ४० प्रतिशत खुला प्रतियोगितात्मक परीक्षाबाट जिल्ला न्यायाधीशको पदपूर्ति गर्ने व्यवस्था भएकोमा न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (४) ले सोबमोजिम पदपूर्ति नभएमा खुला र आन्तरिक परीक्षा प्रणालीबाट हुनुपर्ने पदपूर्तिसमेत ज्येष्ठताबाट गरिने व्यवस्था गरी संवैधानिक व्यवस्थाको प्रतिकूल कानून बनाइएको छ। निजामती सेवा ऐन, २०४९ मा कुनै वर्ष तोकिएबमोजिम पदपूर्ति नभएमा अर्को वर्ष हुने परीक्षाबाट पदपूर्ति गर्ने व्यवस्था भएकोले जिल्ला न्यायाधीशको पदपूर्ति समेत सोही बमोजिम हुनुपर्छ।<br>(ग) न्याय परिषद् नियमावली, २०७४ को व्यवस्थाले परीक्षामा अनुत्तीर्ण भएका व्यक्ति नै ज्येष्ठताबाट न्यायाधीश नियुक्ति भई परीक्षा प्रणाली प्रति नै अविश्वास सृजना गरेको छ।<br>(घ) नेपालको संविधानले सामाजिक न्यायको हकअन्तर्गत |

| | |
|---|---|
| | विभिन्न १५ समूहलाई राज्य संयन्त्रमा सहभागी हुने हक सुनिश्चित गरेकोमा न्याय परिषद् नियमावली, २०७४ को नियम ६(३) ले समावेशी समूहमा ६ वटा समूहलाई मात्र प्रतिशत निर्धारण गरेकोले सो व्यवस्था अमान्य र बदर गरी अबको परीक्षा र नियुक्तिमा सबै समूह समावेशी हुने गरी कानूनी व्यवस्था गर्न परमादेश जारी गरी पाऊँ।<br>(ङ) न्याय सेवा आयोग ऐन, २०७३ को दफा १३(४) ले जिल्ला न्यायाधीशको परीक्षा उत्तीर्ण हुन प्रत्येक पत्रमा कम्तिमा ५० प्रतिशत अङ्क ल्याउनु पर्ने व्यवस्था गरेको छ। समानस्तरको नेपाल न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको परीक्षामा उत्तीर्णाङ्क ४० प्रतिशत अङ्क रहेकोमा जिल्ला न्यायाधीशको परीक्षा उत्तीर्ण हुन न्युनतम ५० प्रतिशत अङ्क प्राप्त गर्नपर्ने व्यवस्था समानताको हक विरुद्ध छ। साथै सोबाट निवेदकको पेशा व्यवसाय गर्न पाउने हक र रोजगारीको हकमा समेत असर पर्न गएकाले जिल्ला न्यायाधीशको परीक्षाको उत्तीर्णाङ्क समेत न्याय सेवाको सहसचिवको परीक्षाको उत्तीर्णाङ्क सरह कायम गर्नु भनी परमादेश जारी गरी पाऊँ। |
| विद्वान् सहन्यायाधीवक्ता श्री हरिप्रसाद रेग्मी | (क) जिल्ला न्यायाधीश र निजामती सेवाका पदहरू समान प्रकृतिका होइनन्। निजामती सेवाको पदमा कुनै वर्ष समावेशी समूहबाट उपयुक्त उम्मेदवार सिफारिस हुन नसकेमा अर्को वर्ष सोही समूहको विज्ञापन गर्न सकिने भएतापनि न्याय सम्पादनको कार्य लामो समय रोकी राख्न नमिल्ने भएकोले कुनै वर्ष परीक्षामा |

| | |
|---|---|
| | उत्तीर्ण नभए अर्को वर्ष विज्ञापन गरी पदपूर्ति गर्ने भन्नु कानूनसम्मत र व्यावहारिकसमेत हुँदैन। न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (४) को व्यवस्था संविधान विपरीत नहुँदा अमान्य र बदर गर्नुपर्ने छैन।<br>(ख) न्याय परिषद् नियमावली, २०७४ को नियम ६(३) ले लोक सेवा आयोगको परीक्षामा निजामती सेवा ऐनले समावेशी समूहलाई छुट्याएको प्रतिशत अनुरुप नै प्रतिशत छुट्याएकाले संविधानविपरीत छैन। आरक्षणको लागि कुन समूहलाई कति प्रतिशत पद छुट्याउने भन्ने नीतिगत विषय भएकाले अदालतले हस्तक्षेप गर्न मिल्दैन।<br>(ग) अन्य पदहरूको उत्तीर्णाङ्क ४० रहेकोमा जिल्ला न्यायाधीश पदको उत्तीर्णाङ्क ५० गरेको असमान, भेदभावपूर्ण भएको भन्ने निवेदन दाबीको सम्बन्धमा कुनै पनि पदको परीक्षाको लागि पूर्णाङ्क र उत्तीर्णाङ्क, पाठ्यक्रम आदि तयार गर्ने जिम्मेवारी कानूनले नै सम्बन्धित निकायलाई दिएको र उक्त निकायले विज्ञसँग परामर्श गरी निर्धारण गर्ने विषय हुँदा परिक्षाको उत्तीर्णाङ्क यति नै हुनुपर्ने भनी यस अदालतले हस्तक्षेप गर्न मिल्दैन। समग्रमा सबै रिट निवेदनहरू खारेज गरी पाऊँ। |

१३. यसमा, यस इजलास समक्ष न्याय निरूपणको लागि पेस भएका सबै रिट निवेदनहरू जिल्ला न्यायाधीशको परीक्षा, पदपूर्ति एवम् नियुक्तिको विषयसँग सम्बन्धित रहेको देखिन्छ। सबै रिट निवेदनहरूमा जिल्ला न्यायाधीशको पदपूर्ति प्रतियोगितात्मक परीक्षा प्रणालीबाट हुन नसकेमा ज्येष्ठता र कार्यक्षमताको मूल्याङ्कनद्वारा गर्न सकिने भन्ने न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (४) को प्रावधान संविधानसँग बाझिएको

भनी दाबी लिएको देखियो। साथै नेपालको संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गत विभिन्न १५ समूहलाई राज्यका निकायमा सहभागी हुने हक सुरक्षित गरिएकोमा न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (३) ले ६ वटा समूहलाई मात्र आरक्षण प्रदान गरेको र जिल्ला न्यायाधीशको लागि हुने परीक्षामा उत्तीर्णाङ्क पचास अङ्क कायम गरेको न्याय सेवा आयोग ऐन, २०७३ को दफा १३ को उपदफा (४) को व्यवस्था नेपालको संविधानसँग बाझिएकोले उक्त व्यवस्थाहरू अमान्य र बदर घोषित गरी न्याय परिषद् नियमावली एवम् न्याय सेवा आयोग ऐन, २०७३ को व्यवस्था संविधान संगत बनाउनुपर्ने भन्ने दाबीहरू लिएको देखिन्छ।

१४. उपर्युक्तानुसारको निवेदन दाबी, लिखितजवाफ जिकिर एवम् बहस बुँदा भएको प्रस्तुत रिट निवेदनमा निवेदक र विपक्षी दुवैतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसमेत सुनी निर्णय तर्फ विचार गर्दा प्रस्तुत निवेदनमा देहायका प्रश्नहरूको निरूपण गरिनुपर्ने देखिन आयो:-

(क) जिल्ला न्यायाधीशको पद नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम प्रतियोगितात्मक परीक्षाबाट पूर्ति नभएमा ऐ. खण्ड (क) बमोजिम ज्येष्ठता, योगयता र कार्यसम्पादन मूल्याङ्कन प्रकृयाबाट पूर्ति गरिने न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (४) को व्यवस्था नेपालको संविधानको धारा १४९ को उपधारा (२) सँग बाझिएको छ वा छैन?

(ख) न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (३) को व्यवस्था समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागी हुन पाउने नेपालको संविधानको धारा ४२ र २८३ को व्यवस्था प्रतिकूल छ वा छैन र सो व्यवस्था अमान्य र बदर घोषित हुनुपर्ने हो वा होइन?

(ग) जिल्ला न्यायाधीशको पदपूर्तिका लागि नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम लिने परीक्षाको उत्तीर्णाङ्क ५० प्रतिशत कायम गरेको न्याय सेवा आयोग ऐन, २०७३ को दफा १३(४) को व्यवस्था नेपालको संविधानले सुनिश्चित गरेको समानताको हक, रोजगारीको हक र श्रमको हक विपरीत भई बदर हुनुपर्ने हो वा होइन?

(घ) रिट निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन?

१५. अब पहिलो अर्थात् **जिल्ला न्यायाधीशको पद नेपालको संविधानको धारा १४९ को उपधारा (२)**

**को खण्ड (ख) र (ग) बमोजिम प्रतियोगितात्मक परीक्षाबाट पूर्ति नभएमा ऐ. खण्ड (क) बमोजिम ज्येष्ठता, योग्यता र कार्यसम्पादन मूल्याङ्कन प्रकृयाबाट पूर्ति गरिने न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (४) को व्यवस्था नेपालको संविधानको धारा १४९ को उपधारा (२) सँग बाझिएको छ वा छैन** भन्ने प्रश्नतर्फ हेर्दा, नेपालको संविधानको धारा १४९ को उपधारा (२) ले जिल्ला अदालतमा रिक्त न्यायाधीशको योग्यता र पदपूर्ति प्रकृया निर्धारण गरेको देखिन्छ, जुन यस प्रकार रहेको छः-

**"(२) जिल्ला अदालतका न्यायाधीशको पद देहायबमोजिम पूर्ति गरिनेछ :-**

**(क) रिक्त पदमध्ये बिस प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका अधिकृतहरूमध्येबाट ज्येष्ठता, योग्यता र कार्यक्षमताको मूल्याङ्कनको आधारमा,**

**(ख) रिक्त पदमध्ये चालिस प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका अधिकृतहरूमध्येबाट खुला प्रतियोगितात्मक परीक्षाको आधारमा,**

**(ग) रिक्त पदमध्ये बाँकी चालिस प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त गरी अधिवक्ताको रुपमा निरन्तर कम्तीमा आठ वर्ष वकालत गरेका, कानूनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्राङ्कित पदमा कम्तीमा आठ वर्ष काम गरेका वा कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्यायसम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर कम्तीमा आठ वर्ष काम गरेका नेपाली नागरिकमध्येबाट खुला प्रतियोगितात्मक परीक्षाको आधारमा"**

१६. उल्लिखित संवैधानिक व्यवस्था हेर्दा जिल्ला अदालतमा रिक्त न्यायाधीशको पदपूर्ति गर्दा रिक्त पदमध्ये बिस प्रतिशत पदमा कानूनमा स्नातक उपाधी प्राप्त गरी न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतहरूबाट ज्येष्ठता, योग्यता र कार्यक्षमताको मूल्याङ्कनको आधारमा गर्नुपर्ने देखिन्छ भने चालिस प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा कम्तिमा तीन वर्ष काम गरेका अधिकृतहरूमध्ये प्रतियोगितात्मक परीक्षाबाट र बाँकी चालिस प्रतिशत पदमा अधिवक्ताको रुपमा निरन्तर आठ वर्ष वकालत गरेको वा न्याय सेवाको वा कानूनको अध्ययन अध्यापन लगायतको क्षेत्रमा आठ वर्ष काम गरेको व्यक्तिहरू मध्येबाट खुला प्रतियोगितात्मक परीक्षाबाट पदपूर्ति गर्ने व्यवस्था रहेको देखिन्छ। उल्लिखित संवैधानिक

व्यवस्थाले जिल्ला न्यायाधीशको पदपूर्ति आधारभूत रुपमा असी प्रतिशत पदहरू प्रतियोगितात्मक परीक्षा प्रकृयाबाट र बाँकी बिस प्रतिशत पदहरू न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीमा काम गरेका अधिकृतहरू मध्येबाट ज्येष्ठता, योग्यता र कार्यक्षमताको मूल्याङ्कनका आधारमा पूर्ति गरिने ढाँचा तय गरेको देखिन्छ। बिस प्रतिशत पदपूर्तिसम्बन्धी व्यवस्था प्रतियोगितात्मक परीक्षा नगरीकन ज्येष्ठता र कार्यक्षमता आदिको मूल्याङ्कनबाट हुने देखिन्छ।

१७. जिल्ला अदालतमा रिक्त न्यायाधीशको पदपूर्तिसम्बन्धी उल्लिखित संवैधानिक व्यवस्थाको कार्यान्वयनसम्बन्धी प्रकृया र कार्यविधि लगायतका अन्य व्यवस्था न्याय परिषद् ऐन, २०७३ न्याय सेवा आयोग ऐन, २०७३ र न्याय परिषद् नियमावली, २०७४ लगायतका कानूनमा रहेको देखिन्छ। सो मध्ये रिट निवेदकले नेपालको संविधानको धारा १४९(२) सँग बाझिएको भनी दाबी गरेको न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (४) को व्यवस्था देहाय बमोजिम रहेको छ।

**"संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम छुट्टाइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार नभई नियुक्तिका लागि सिफारिस हुन नसकेमा संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (क) बमोजिम पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ"**

१८. रिट निवेदकहरूले जिल्ला न्यायाधीशको रिक्त पदपूर्ति गर्दा नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम असी प्रतिशत पद प्रतियोगितात्मक परीक्षा प्रणालीद्वारा पूर्ति गरिनुपर्ने भई बिस प्रतिशतभन्दा बढी पद ज्येष्ठता, योग्यता र कार्यक्षमताको मूल्याङ्कनको प्रकृयाबाट पूर्ति गर्न नमिल्नेमा पूर्वपठित न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (४) को व्यवस्थाले प्रतियोगितात्मक परीक्षाबाट पूर्ति हुन नसकेको पद संविधानको धारा १४९(२) (क) बमोजिम पूर्ति गर्ने व्यवस्था गरेको नेपालको संविधानको धारा १४९(२) विपरीत रहेको भन्ने मुख्य दाबी लिएको देखियो। सो सम्बन्धमा जिल्ला न्यायाधीशको पदपूर्ति सम्बन्धी कानूनी व्यवस्था हेरौं। न्याय परिषद् ऐन, २०७३ को दफा ८ मा जिल्ला न्यायाधीशको पदपूर्तिसम्बन्धी देहायका व्यवस्था देखिन्छः-

**(१) न्याय परिषद्ले जिल्ला अदालतमा रिक्त न्यायाधीशको पद संविधानको धारा १४९ को उपधारा (२) बमोजिम पूर्ति गर्नेछ।**

**(२) उपदफा (१) बमोजिम पदपूर्तिको लागि न्याय परिषद्ले जिल्ला न्यायाधीशको तत्काल रिक्त पद र प्रत्येक वर्षको चैत्र मसान्तभित्र रिक्त हुन आउने पद समेत यकिन गरी संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (क), (ख) र (ग) बमोजिमको पदपूर्तिको प्रतिशत निर्धारण गर्नेछ।**

**(३) उपदफा (२) बमोजिम प्रतिशत निर्धारण भएपछि संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम पदपूर्ति गरिने जिल्ला न्यायाधीशको पदमा उपयुक्त व्यक्ति छनौट गरी सिफारिस गर्न न्याय परिषद्ले न्याय सेवा आयोगमा लेखी पठाउनेछ।**

**(४) न्याय परिषद्ले प्रत्येक वर्षको चैत्र मसान्त भित्र यस दफा बमोजिम जिल्ला न्यायाधीशको पदपूर्ति गर्ने समयतालिका बनाउनु पर्नेछ।**

१९. उल्लिखित कानूनी व्यवस्था हेर्दा न्याय परिषद्ले जिल्ला अदालतमा रिक्त न्यायाधीशको पदपूर्ति गर्दा संविधानको धारा १४९ (२) मा निर्धारित ढाँचाबमोजिम तत्काल रिक्त पद र प्रत्येक वर्षको चैत्र मसान्तभित्र रिक्त हुन आउने पद समेत एकिन गरी प्रत्येक वर्षको चैत्र मसान्तभित्र जिल्ला न्यायाधीशको पदपूर्ति हुने गरी समयतालिका बनाउनुपर्ने व्यवस्था गरेको देखिन आउँछ। जिल्ला न्यायाधीश पदपूर्तिको समयतालिका लगायतका प्रकृया र कार्यविधि न्याय परिषद् नियमावली, २०७४ ले निर्धारण गरेको देखिन्छ। न्याय परिषद् नियमावली, २०७४ को नियम ६ मा "जिल्ला न्यायाधीशको पदपूर्तिको समयतालिका र प्रतिशत निर्धारण" शिर्षक अन्तर्गत उपनियम (१) मा "जिल्ला न्यायाधीशको पदपूर्ति गर्ने समयतालिका अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ" र ऐ. उपनियम (२) मा "परिषद्ले जिल्ला न्यायाधीशको पदपूर्तिको लागि संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम प्रतिशत अवलम्वन गर्नेछ" भन्ने व्यवस्था गरी अनुसूची २, ३ र ४ मा क्रमश: पदपूर्तिको कार्यतालिका र प्रतिशत निर्धारण सूत्र उल्लेख गरेको पाइन्छ। यसैगरी सोही नियमको उपनियम (३) ले संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ग) बमोजिम छुट्याइएको प्रतिशतका पदबाट समावेशी सिद्धान्तका आधारमा पदपूर्ति गरिनुपर्ने पदको प्रतिशत निर्धारण गरेको देखिन्छ भने ऐ. उपनियम (४) मा संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम छुट्याइएको पदको विज्ञापनमा उपर्युक्त उम्मेदवार नियुक्तिका लागि सिफारिस हुन नसकेमा ऐ. खण्ड (क) बमोजिम पदपूर्ति गरिने व्यवस्था गरेको देखिन्छ।

२०. न्याय परिषद् नियमावली, २०७४ को उल्लिखित व्यवस्थालाई समग्रतामा हेर्दा सो नियमावलीले जिल्ला न्यायाधीशको पदपूर्तिसम्बन्धी व्यवस्था आधारभूत रुपमा संविधानको धारा १४९ को उपधारा (२) बमोजिम गरिने प्रकृयालाई आत्मसात गरेको तथ्यमा द्विविधा देखिँदैन। तथापि नियम ६ को उपनियम (४) ले संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम हुने प्रतियोगितात्मक परीक्षामा आवश्यक सङ्ख्यामा उपयुक्त उम्मेदवार नियुक्तिका लागि सिफारिस हुन नसकेमा खण्ड (क) बमोजिम न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीमा कम्तिमा तीन वर्ष काम गरेको अधिकृतहरू मध्येबाट ज्येष्ठता, योग्यता र कार्यक्षमताको मूल्याङ्कनका आधारमा पदपूर्ति गर्न सकिने व्यवस्था गरेको देखियो।

२१. उपनियम (४) को उक्त व्यवस्था हेर्दा सो कानूनी व्यवस्थाको प्रयोग नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम पदपूर्तिका लागि गरिएको विज्ञापनमा उपयुक्त उम्मेदवार नभई नियुक्तिका लागि सिफारिस हुन नसकेको अवस्थामा मात्र आर्कषित हुने विशेष अपवादात्मक व्यवस्था भन्ने देखिन आयो। जिल्ला न्यायाधीशको पदपूर्ति संविधानको धारा १४९ को उपधारा (२) बमोजिम हुने भनी न्याय परिषद् नियमावली, २०७४ को उपनियम (२) ले स्पष्ट प्रावधान राखेको अवस्थामा विशेष परिस्थिति परी सोबमोजिम पदपूर्ति हुन नसकेको अवस्थामा मात्र उपनियम (४) बमोजिम पदपूर्ति हुन सक्ने अवस्था देखिन्छ। संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम नै पदपूर्ति हुने अवस्था विद्यमान भएको अवस्थामा खण्ड (क) बमोजिम पदपूर्ति गर्न मिल्ने गरी नियमले व्यवस्था गरेको देखिएन।

२२. **कानूनको व्याख्या गर्दा कुनै एउटा शब्द, वाक्यांश वा प्रावधानलाई मात्र अलग गरेर अर्थ लगाउनु व्याख्याको नियम अनुकूल मानिदैंन। कानूनका विभिन्न प्रावधानहरू एक अर्कासँग सम्बन्धित र परस्पर पुरक हुने भएकाले समग्र ऐन वा नियमलाई एक साथ राखेर (statute as a whole) व्याख्या गरिनुपर्ने कानूनी व्याख्याको स्थापित नियम हो। कुनै कानूनको व्याख्या गर्दा सो कानूनको कुनै एक प्रावधानलाई मात्र टिपी अन्य प्रावधानसँग पृथक गरी व्याख्या गर्न मिल्दैन। उक्त कानूनी प्रावधानको व्याख्या गर्दा समग्रमा सो कानूनको मूल भावना र आशय नमर्ने गरी व्याख्या गर्न आवश्यक हुन्छ। साथै, कुनै कानूनका दुई वा दुई भन्दा बढी प्रावधानहरू सतही रुपमा हेर्दा परस्पर विरोधाभाषी जस्तो देखिए तापनि अदालतले ती प्रावधानहरूको समग्रमा कानूनका उद्देश्य पराजित नहुने गरी कुनै कानूनको कुनै भाग वा अंशको व्याख्या गर्दा सोही कानूनको अन्य**

**प्रावधान अर्थहीन र निष्प्रभावी नहुने गरी व्याख्या गर्नुपर्दछ। कानूनको विभिन्न प्रावधानहरूको सामान्जस्यपूर्ण तरिकाले व्याख्या (harmonious interpretation of law) गर्नुपर्ने कानून व्याख्याको स्वीकार्य नियम हो।**

२३. **कानून व्याख्याको उल्लिखित नियमलाई प्रस्तुत विवादका सन्दर्भमा हेर्दा न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (१), (२) र (३) ले आधारभूत रुपमा नेपालको संविधानको धारा १४९ को उपधारा (२) बमोजिम नै जिल्ला न्यायाधीशको पदपूर्ति गर्नुपर्ने गरी प्रकृया निर्धारण गरेको देखिएको र सो बमोजिम पदपूर्ति हुन नसकेको अवस्थामा मात्र ऐ. उपनियम (४) ले विशेष अपवादात्मक व्यवस्था गरेको स्थितिमा उपनियम (४) को उल्लिखित व्यवस्थालाई उपनियम (१), (२) र (३) का प्रावधानसँग अलग गरी हेर्न मिल्दैन। उक्त कानूनमा भएको अपवादात्मक व्यवस्था वा विशेष प्रावधानलाई सामान्य नियमको रुपमा ग्रहण गर्न मिल्दैन। त्यस्तो व्यवस्था कानून निर्माताले अपवादात्मक अवस्थाको सम्बोधनको लागि गरेको विशेष व्यवस्था भएकाले त्यस्तो व्यवस्थालाई अपवादात्मक व्यवस्था कै रुपमा बोध गरिनु आवश्यक हुन्छ। यस आलोकमा न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (४) को व्यवस्थालाई हेर्दा सो प्रावधान उपनियम (१), (२) र (३) को व्यवस्था क्रियाशील हुन नसकेमा मात्र आकर्षित हुने भएकाले उक्त उपनियम (४) को व्यवस्थाले अन्य उपनियमका प्रावधानलाई सङ्कुचित वा निस्तेज गराउने भनी अर्थ गर्न मिलेन। यस आधारबाट हेर्दा निवेदन दाबीको न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (४) को व्यवस्था नेपालको संविधानको धारा १४९ (२) को व्यवस्थासँग बाझिएको भनी निष्कर्षमा पुग्न सकिने अवस्था देखिएन।**

२४. जहाँसम्म रिट निवेदकहरूले निजामती सेवा ऐन, २०४९ को पदपूर्ति प्रकृयाअनुरुप नै जिल्ला न्यायाधीशको पदपूर्तिमा पनि संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम प्रतियोगितात्मक परीक्षाका आधारमा पूर्ति गरिनुपर्ने पद परीक्षाबाट उपयुक्त उम्मेदवार सिफारिस हुन नसकेमा अर्को वर्ष सोही प्रकृयाबाट हुने विज्ञापनबाट पूर्ति गरिनुपर्दछ, ती पदहरूमा समेत ऐ. खण्ड (क) बमोजिम नियुक्ति गरिने नियमको व्यवस्था संविधानसम्मत छैन भनी लिएको जिकिर छ सो सम्बन्धमा विचार गर्दा, **नेपालको संविधानको प्रस्तावनाले नै स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाको परिकल्पना गरेको छ। संविधानले स्वच्छ सुनुवाइको हकलाई मौलिक हकको रुपमा परिभाषित गरेको**

**पाइन्छ। छिटो छरितो मुद्दाको कारबाही र किनारा नगरी स्वच्छ सुनुवाइको हक सुनिश्चित हुन सक्दैन। संविधानबमोजिम पदपूर्ति गरिनुपर्ने न्यायाधीशको पद लामो समयसम्म पूर्ति नगरी रिक्त हुन गएमा न्यायका उपभोक्ताले समयमा न्यायिक सेवा प्राप्त गर्न नसकी स्वच्छ सुनुवाइको हकबाट वञ्चित हुनुपर्ने अवस्था उत्पन्न हुन्छ। समयमा न्यायाधीशको नियुक्ति नहुँदा संविधानले परिकल्पना गरे बमोजिमको स्वतन्त्र, सक्षम र प्रभावकारी न्याय प्रणालीको स्थापना हुन सक्दैन। नेपालको संविधान, प्रचलित कानून तथा न्यायिक अधिकारको प्रयोगसम्बन्धी मान्यताअनुसार न्यायाधीशले गर्नुपर्ने काम कर्तव्य र अधिकार न्यायाधीश बाहेकका अन्य पदका व्यक्तिलाई प्रत्यायोजन गर्न मिल्दैन। न त न्यायाधीश पदमा अस्थायी वा करारमा नियुक्ति गरी काम गर्न गराउन मिल्ने अवस्था नै रहन्छ। यस स्थितिमा न्यायाधीशले गर्नुपर्ने कामको प्रकृति र संवेदनशीलतालाई विचार गरी रिक्त न्यायाधीशको पद यथाशीघ्र पूर्ति नगरी सोको विकल्प खोज्नु सर्वथा उचित देखिएन। यसै कारण ऐनमा नै प्रत्येक वर्षको चैत्र मसान्तभित्र जिल्ला न्यायाधीशको पदपूर्ति गर्ने गरी समयतालिका बनाउनुपर्ने प्रावधान राखी समयमा नै जिल्ला न्यायाधीशको पदपूर्ति हुनुपर्ने विषयलाई विशेष महत्त्व दिएको पक्षलाई नियम बनाउँदा हृदयङ्गम गरेको देखिन आउँछ।** सो अनुरुप नै न्याय परिषद् नियमावली, २०७४ को अनुसूचीहरूले समयतालिका निर्धारण गरेको देखिन्छ। न्याय षरिषद् ऐन, २०७३ को पूर्वोक्त व्यवस्थाबाट जिल्ला न्यायाधीशको रिक्त पदपूर्ति प्रत्येक वर्ष हुनु अनिवार्य देखियो। सो ऐनले कुनै वर्ष कुनै पदपूर्ति हुन नसकेमा अर्को वर्ष पदपूर्ति गरे पनि हुने अवस्थाको परिकल्पना गरेको नदेखिनुको साथै जिल्ला न्यायाधीशको पद प्रत्येक वर्ष पूर्ति नगरी रिक्त राख्नु उल्लिखित कानूनी व्यवस्थाको विपरीत हुनेसमेत देखियो। तसर्थ, न्यायाधीश पदको प्रकृति, वैशिष्ठ्य तथा यसको संवैधानिक तथा कानूनी अवस्था र न्यायाधीशले सम्पादन गर्नुपर्ने काम, कर्तव्य र अधिकार समेतलाई अनदेखा गरी जिल्ला न्यायाधीशको पदपूर्ति प्रकृयालाई पनि निजामती सेवाका पदहरू जस्तै कुनै वर्ष कुनै समूहबाट पदपूर्ति हुन नसकेमा अर्को वर्ष पदपूर्ति गर्ने कानूनी व्यवस्था हुनुपर्ने भन्ने निवेदकहरूको जिकिर न्यायोचित, तर्कसम्मत र कानूनसम्मत समेत देखिएन।

२५. निवेदकहरूले न्याय परिषद् नियमावली, २०७४ को नियम ६ उपनियम (४) को प्रावधानले संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम प्रतियोगितात्मक परीक्षाबाट नभई ऐ. खण्ड (क) बमोजिम पदपूर्ति हुने व्यवस्था गर्दा संविधानले परिकल्पना गरेको योग्यता प्रणाली अनुकूल नहुने भनी लिएको जिकिरतर्फ विचार गर्दा, न्याय परिषद्

नियमावली, २०७४ को नियम ६ उपनियम (४) को व्यवस्था अपवादात्मक व्यवस्था हो, पदपूर्तिको मूल नियम होइन भन्ने पक्षलाई विचार गरिनु आवश्यक हुन्छ। तथापि सोही व्यवस्थालाई मूल नियम मानेको खण्डमा पनि उक्त नियमबमोजिम नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (क) बमोजिम न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीमा कम्तीमा ३ वर्ष काम गरेका अधिकृतहरू मात्र नियुक्ति हुन सक्ने देखिन्छ। सार्वजनिक प्रशासनमा निजामती सेवालाई आफैंमा योग्यता प्रणालीको द्योतकको रुपमा लिने गरिन्छ। प्रचलित कानूनमा लोक सेवा आयोग वा न्याय सेवा आयोगबाट सञ्चालित कुनै न कुनै प्रतियोगितात्मक परीक्षा उत्तीर्ण नगरी न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत पदमा पुग्न सकिने कुनै प्रावधान नदेखिँदा खण्ड (क) बमोजिम नियुक्ति भएकै अवस्थामा पनि कानूनबमोजिम प्रतियोगितात्मक परीक्षाबाटै सेवा प्रवेश गरेका राजपत्राङ्कित द्वितीय श्रेणीमा कार्यरत अधिकृत मात्र नियुक्ति हुन सक्ने भएकाले त्यस्तो नियुक्तिलाई योग्यता प्रणाली विपरीत रहेको भनी मान्न मिल्ने देखिएन। यस अतिरिक्त, संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (क) बमोजिम गरिने नियुक्तिलाई ज्येष्ठताका आधारमा स्वत: हुने नियुक्तिका रुपमा बुझ्न पनि मिल्ने देखिँदैन। उक्त खण्डबमोजिम जिल्ला न्यायाधीश पदमा नियुक्ति गर्दा योग्यता पुगेका अधिकृतहरूमध्येबाट ज्येष्ठता र कार्यक्षमताको मूल्याङ्कनका आधारमा उपयुक्त व्यक्ति नियुक्ति गर्नुपर्ने संविधानको मर्म र आशय देखिन्छ। संविधानमा नै स्पष्टत: योग्यता र कार्य क्षमताको आधारमा नियुक्ति गरिनुपर्ने व्यवस्था भएकोमा सोही प्रावधानबमोजिम हुने नियुक्तिलाई योग्यता प्रणालीविपरीत भन्न मिल्ने देखिएन। वस्तुत: ऐ. उपधारा (२) को खण्ड (क) ले जिल्ला न्यायाधीशको नियुक्तिको एक महत्त्वपूर्ण आधार ज्येष्ठता र कार्यक्षमताको मूल्याङ्कनलाई मानी सो समूहबाट बिस प्रतिशत पदपूर्ति गरिनुपर्ने भनी स्वीकार गरेको अवस्था छ। न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (४) ले सो उपधाराको खण्ड (ख) र (ग) बमोजिम नियुक्ति हुन नसकेमा रिक्त पद खण्ड (क) को सोही समूहबाट नियुक्ति गर्न सकिने भनी गरेको व्यवस्थाले योग्यता प्रणालीलाई दुरुत्साहन गरेको भनी अर्थ गर्न मिल्ने देखिएन।

२६. यस विषयमा यस अदालतको संवैधानिक इजलासले **निवेदक इन्द्रबहादुर खड्कासमेत वि. न्याय परिषद्समेत भएको उत्प्रेषण समेत मु.नं. ०७९-WC-०००३ मुद्दामा** "... न्यायाधीशको पद लामो समय रिक्त राख्दा न्याय सम्पादन प्रक्रियामा प्रत्यक्ष असर पर्ने र परिणामत:

न्याय प्राप्तिमा विलम्ब हुने ...कानूनको कुनै एउटा प्रकृयाबाट पूर्ति हुन नसकेको सङ्ख्यालाई सोही कानूनको अर्को प्रकृयाबाट पूर्ति गरिएमा समान योग्यता भएको र सापेक्षिक रुपमा वरिष्ठ व्यक्तिहरू नियुक्त हुने अवस्था भएको" समेतका आधार कारण देखाई न्याय परिषद् नियमावली, २०७४ को नियम ६ उपनियम (४) लाई अमान्य र बदर घोषित गर्न नमिल्ने भनी आदेश गरिसकेको सन्दर्भसमेत उल्लेख गर्नु आवश्यक देखियो। सो आदेश समेतको आधार कारणबाट न्याय परिषद् नियमावली, २०७४ को नियम ६ उपनियम (४) को व्यवस्था नेपालको संविधानको धारा १४९ को उपधारा (२) सँग बाझिएको भन्ने निवेदन दाबी स्थापित हुन सक्ने अवस्था देखिएन।

२७. अब निरूपण गरिनुपर्ने दोस्रो अर्थात् **न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (३) को व्यवस्था समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागी हुन पाउने नेपालको संविधानको धारा ४२ र २८३ को व्यवस्था प्रतिकूल छ वा छैन र सो व्यवस्था अमान्य र बदर घोषित हुनुपर्ने हो वा होइन** भन्ने प्रश्नतर्फ विचार गरौं। रिट निवेदकहरूले नेपालको संविधानको धारा ४२ ले सामाजिक न्यायको हक अन्तर्गत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका विभिन्न १५ समूहलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक प्रदान गरेकोमा न्याय परिषद् नियमावली, २०७४ को नियम ६(३) ले समावेशी समूहबाट हुने जिल्ला न्यायाधीशको पदपूर्तिका लागि ६ समूह मात्र छुट्याएको संविधानको व्यवस्था अनुकूल नरहेको भन्ने मुख्य जिकिर लिएको देखिन्छ। निवेदकहरूले सोही आधारमा न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (३) बदर गर्न माग गरेको देखिन्छ। उक्त नियमको व्यवस्थालाई दृष्टिगत गर्दा "**... संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ग) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाका लागि छुट्टाइएको पद मध्येबाट पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी सम्बन्धित समूहका उम्मेदवारहरू बिचमा समावेशी सिद्धान्तका आधारमा छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने..” व्यवस्था देखियो। उक्त पदपूर्तिको प्रतिशत अनुसूची-५ मा निर्धारण गरिएको देखियो।** जुन यस प्रकार छ:-

| क्र.सं. | नियम ६ को उपनियम ३ मा उल्लिखित समूह |
|---|---|
| (क) | महिला तेत्तीस प्रतिशत (३३%) |
| (ख) | आदिवासी/जनजाती सत्ताइस प्रतिशत (२७%) |

| | |
|---|---|
| (ग) | मधेशी बाइस प्रतिशत (२२%) |
| (घ) | दलितमा नौ प्रतिशत (९%) |
| (ङ) | अपाङ्गमा पाँच प्रतिशत (५%) |
| (च) | पिछडिएकोमा चार प्रतिशत (४%) |

२८. नियमावलीको उल्लिखित व्यवस्था नेपालको संविधानको धारा ४२ तथा धारा २८३ अनुकुल नभएको भन्ने निवेदन जिकिर देखिँदा सो सम्बन्धी संवैधानिक व्यवस्था समेत हरौं। संविधानको धारा ४२ मा "**आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ**" भन्ने तथा धारा २८३ मा "**संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिनेछ**" भन्ने व्यवस्था रहेको पाइन्छ।

२९. **नेपाल एक बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त मुलुक हो। लोकतान्त्रिक प्रणालीमा समाजको यो विविधता राज्यको मुहारमा प्रतिविम्वित हुनुपर्ने मान्यता रहेको हुन्छ। तदनुरुप नै नेपालको संविधानले सबै जात जाति, भाषा, सम्प्रदाय तथा वर्ग र भुगोलका जनतालाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी गराउने विषयलाई सामाजिक न्यायको हकका रुपमा परिभाषित गरेको पाइन्छ। नेपालको संविधानको प्रस्तावना तथा राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वले पनि राज्य संरचनालाई समावेशी बनाउने सिद्धान्त अख्तियार गरेको पाइन्छ। राज्यका सबै निकायहरूमा सबै समुदाय वा क्षेत्रका व्यक्तिहरूको सहभागिता सुनिश्चित गर्न सकेको खण्डमा मात्र संविधानले परिकल्पना गरेबमोजिम नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिको आकांक्षा पुरा हुन सक्दछ। खास गरी आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका विभिन्न वर्ग, समुदाय वा भौगोलिक क्षेत्रलाई राज्यका निकायमा सहभागिताको सुनिश्चितता दिलाउन सकेमा मात्र समावेशी र समुन्नत राष्ट्र निर्माणको संवैधानिक परिकल्पना साकार हुन सक्छ भन्नेमा यो इजलासको स्पष्ट दृष्टिकोण रहेको छ। नेपालको संविधानको एक महत्त्वपूर्ण विशेषता नै यसको समावेशी चरित्र हो भन्ने वास्तविकतालाई मनन गर्नु सर्वथा आवश्यक देखिएको छ।**

३०. संविधानको उक्त आदर्शलाई व्यवहारमा रुपान्तरण गर्न राज्यले आर्थिक, सामाजिक वा सास्कृँतिक रुपले पछाडि परेका व्यक्तिहरूको संरक्षण, सशक्तिकरण र विकासका लागि कानून बनाई आरक्षण लगायतका सकारात्मक विभेदका नीति अवलम्बन गरेको पाइन्छ। संविधानले दिशानिर्देश गरेको उक्त सकारात्मक विभेदको नीतिका परिणाम स्वरुप राज्यका अन्य निकायहरू जस्तै न्यायपालिकाको स्वरुप पनि क्रमशः समावेशी बन्दै गएको विभिन्न तथ्याङ्कहरूले देखाएको छ[1]। उल्लिखित तथ्याङ्कबाट नेपालको न्यायापालिका संविधानले परिकल्पना गरे बमोजिम पूर्ण समानुपातिक समावेशी बन्न सकेको नदेखिए तापनि क्रमश: समावेशी उन्मुख बन्दै गएको निष्कर्षमा पुग्न सकिन्छ। वस्तुत: न्यायपालिकाको प्रकृति र वैशिष्ट्य समेतलाई विचार गर्दा, कुनै एक दुई छिटपुट निर्णयबाट भन्दापनि संविधानको मर्म र भावनालाई गम्भीर रुपमा आत्मसात गरी उल्लिखित संवैधानिक एवम् कानूनी व्यवस्थाको दिगो कार्यान्वयनबाट न्यायापालिकालाई समानुपातिक समावेशी चरित्रको बनाउन सकिनेतर्फ संवेदनशील हुन आवश्यक देखिन्छ।

३१. अब निवेदकहरूले संविधानको व्यवस्था विपरीत भएको भनी दाबी गरेको न्याय परिषद् नियमावली, २०७४ को नियम ६(३) को व्यवस्थालाई हेरौं। उक्त नियममा मुख्य गरी **नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ग) बमोजिम छुट्याएको पदमध्येबाट ४५ प्रतिशत पद छुट्याई सो पदलाई शतप्रतिशत मानी उक्त पदमा तोकिएको प्रतिशत बमोजिम विभिन्न समावेशी समूहमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराउने व्यवस्था गरेको देखियो। निवेदकहरूले उक्त समूहमा संविधानले निर्धारण गरेको सबै समूहहरू नरहेको भन्ने मुख्य जिकिर लिएको भएतापनि नियमको उक्त व्यवस्थाले नेपालको संविधानको धारा २८३ बमोजिमको समावेशी सिद्धान्तलाई आत्मसात गरेको तथ्यमा विवाद भएन। उक्त मान्यता अन्तर्गत रही के कुन वर्ग, समुदाय वा क्षेत्रलाई के कुन आधारमा के कति प्रतिशत सिट छुट्याउने भन्ने प्रश्न राज्यले समाजको आर्थिक, सामाजिक वा भौगोलिक विशेषता र चरित्र समेतलाई विचार गरी निर्धारण गरिनुपर्ने नीतिगत प्रकृतिको देखिन आयो। ऐन बनाई सम्बोधन गरिनुपर्ने नीतिगत प्रकृतिका यस्ता प्रश्न विधायिकाको विवेकाधिकारको विषय मानिन्छ। सो विषयमा तदनुरुप नै विधायिकाले सार्वजनिक सेवा प्रवेशको छाता कानूनको रुपमा रहेको निजामती सेवा ऐन, २०४९ मा निजामती सेवामा समावेशी समूहका लागि विभिन्न समूह छुट्याएको र सोका लागि प्रतिशत निर्धारण गरेको देखिन्छ। न्याय परिषद्**

[1] हेर्नुहोस् सर्वोच्च अदालत तथा न्याय परिषद र न्याय सेवा आयोगका विभिन्न वर्षहरुका वार्षिक प्रतिवेदनहरु।

**नियमावली, २०७४ ले सोही ऐनले निर्धारण गरेको समूह र प्रतिशत समरुपमा अवलम्बन गरेको अवस्था छ। यस प्रकार न्याय परिषद् नियमावली, २०७४ ले समावेशिताका सम्बन्धमा निजामती सेवा ऐन, २०४९ को व्यवस्था नै हुबहु अवलम्बन गरेको र विधायिका निर्मित उक्त कानून संविधानको व्यवस्थासँग बाझिएको भनी चुनौती नदिएको अवस्थामा सोही व्यवस्था अवलम्बन गरेको न्याय परिषद् नियमावलीलाई संविधानसँग बाझिएको भनी मान्न मिलेन।** साथै, नियम ६ को उपनियम (५) मा **"अन्य सरकारी सेवामा रहेको समावेशी सिद्धान्तमा आधारित पदपूर्ति सम्बन्धी व्यवस्थामा पुनरावलोकन भएको अवस्थामा सो समेतलाई ध्यानमा राखी उपनियम (३) बमोजिमको पदपूर्ति सम्बन्धी व्यवस्था पुनरावलोकन गर्न सकिनेछ"** भन्ने प्रावधान देखिँदा विधायिकाले समावेशी समूहको लागि छुट्याएको समूह वा प्रतिशतमा परिवर्तन गरेको अवस्थामा तदनुरुप नियमावली संशोधन गरिने अवस्था समेत नियमावलीमा देखिँदा यस इजलासले नियमावलीको उक्त प्रावधान समावेशिताको सिद्धान्त विपरीत भएको भनी निष्कर्षमा पुग्न मिल्ने अवस्था रहेन। जिल्ला न्यायाधीशको नियुक्ति प्रकृयामा हुने खुला परीक्षामा विधायिका निर्मित कानून निजामती सेवा ऐन, २०४९ को मापदण्ड नै अवलम्बन गरेको देखियो। आधारभूत रुपमा समावेशी सिद्धान्तलाई अवलम्बन गरेको अवस्थामा सकारात्मक विभेदको नीति के कुन हद वा प्रतिशतसम्म लैजाने भन्ने विषय राज्यको नीतिगत विषय भएकोले त्यस्ता विषयमा यस अदालतले हस्तक्षेप गर्न उपयुक्त हुने देखिएन।

३२. अब निरूपण गर्नुपर्ने तेस्रो **अर्थात् जिल्ला न्यायाधीशको पदपूर्तिका लागि नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम लिने परीक्षाको उत्तीर्णाङ्क ५० कायम गरेको न्याय सेवा आयोग ऐन, २०७३ को दफा १३(४) को व्यवस्था नेपालको संविधानले सुनिश्चित गरेको समानताको हक, रोजगारीको हक र श्रमको हक विपरीत भई बदर हुनुपर्ने हो वा होइन** भन्ने प्रश्नतर्फ विचार गर्दा, रिट नं. ०७८-WC-००४० का निवेदक शिवजी भण्डारीले जिल्ला न्यायाधीशको उत्तीर्णाङ्क ५० कायम गरेको न्याय सेवा आयोग ऐन, २०७३ को दफा १३(४) को व्यवस्था नेपालको संविधानले सुनिश्चित गरेको समानताको सिद्धान्त, रोजगारीको हक र श्रमको हक सम्बन्धी मौलिक हकसँग बाझिएकोले सो व्यवस्थालाई अमान्य घोषित गरी पाऊँ भनी मागदाबी लिएको देखिन्छ। निवेदकले अमान्य र बदर घोषित गर्न माग गरेको न्याय सेवा आयोग ऐन, २०७३ को १३ को उपदफा (४) मा **"जिल्ला न्यायाधीश पदमा नियुक्तिको लागि**

**सिफारिस गर्न आयोगले लिने परीक्षामा उत्तीर्ण हुनको लागि प्रत्येक पत्रमा कम्तीमा पचास प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ"** भन्ने व्यवस्था देखियो। निवेदकले उक्त कानून बदर गर्न माग गर्दा मुख्य गरी लोक सेवा आयोगले सञ्चालन गर्ने समान अवस्थाको न्याय सेवाका सहसचिव पदको परीक्षामा उत्तीर्णाङ्क चालिस भएकोमा जिल्ला न्यायाधीशको परीक्षामा पचास कायम गरेको असमान र भेदभावयुक्त भएको एवम् सो बमोजिम पचास उत्तीर्णाङ्क कायम गर्दा आवश्यक सङ्ख्यामा उम्मेदवार उत्तीर्ण हुन नसक्ने भन्ने जिकिर लिएको देखियो।

३३. सो सम्बन्धमा हेर्दा नेपालको संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम गरिने जिल्ला न्यायधीशको पदको नियुक्तिका लागि गरिने परीक्षाको सञ्चालन सम्बन्धी विस्तृत व्यवस्था न्याय सेवा आयोग ऐन, २०७३ मा देखिन्छ। उक्त ऐनको दफा १३ मा पाठ्यक्रम, उत्तीर्णाङ्क र परीक्षण विधि शिर्षक अन्तर्गत देहाय बमोजिमको व्यवस्था देखियो:-

**(१) जिल्ला न्यायाधीश पदमा नियुक्तिको लागि सिफारिस गर्न आयोगले लिने परीक्षाको पाठ्यक्रम र अङ्कभार लोक सेवा आयोग, न्याय परिषद् तथा सम्बन्धित विषयका विशेषज्ञसँग परामर्श गरी आयोगले निर्धारण गरे बमोजिम हुनेछ।**

**(२) उपदफा (१) बमोजिम पाठ्यक्रम निर्माण गर्दा न्यायाधीशको पदमा रही गर्नुपर्ने कामको विश्लेषण गरी त्यस्तो पदको काम र शैक्षिक योग्यतालाई समेत आधार लिनु पर्नेछ।**

**(३) उपदफा (१) बमोजिम पाठ्यक्रम निर्माण गर्दा पाठ्यक्रम लागू हुने मिति प्रत्येक विषयको पूर्णाङ्क, परीक्षा प्रणाली, परीक्षाको माध्यम (भाषा), प्रश्नको अङ्क भार र समय समेतका कुराहरू समावेश गर्नुपर्नेछ।**

**(४) जिल्ला न्यायाधीश पदमा नियुक्तिको लागि सिफारिस गर्न आयोगले लिने परीक्षामा उत्तीर्ण हुनको लागि प्रत्येक पत्रमा कम्तीमा चालिस प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ।**

३४. उल्लिखित कानूनी व्यवस्था हेर्दा, जिल्ला न्यायाधीशको पदपूर्तिको परीक्षाका लागि पाठ्यक्रम निर्धारण, परीक्षा प्रणाली, परीक्षाको माध्यम र प्रत्येक विषयको पूर्णाङ्क लगायतका विषय न्याय सेवा आयोगले न्याय परिषद्, लोक सेवा आयोग र सम्बन्धित विषयका विशेषज्ञ समेतसँग परामर्श गरी निर्धारण गरे बमोजिम हुने भन्ने देखिन्छ भने उत्तीर्णाङ्क (पचास प्रतिशत अङ्क) ऐनले नै निर्धारण गरेको देखियो। सार्वजनिक सेवाका पदहरूमा नियुक्तिको लागि परीक्षा सञ्चालन गर्दा मुख्य मुख्य विषय कानूनद्वारा निर्धारित हुनुपर्ने तथ्यमा विवाद

छैन। तदनुरुप जिल्ला न्यायाधीशको परीक्षाको लागि पनि उत्तीर्णाङ्क तथा परीक्षा संचलनका अन्य मुख्य विषय न्याय सेवा आयोग ऐन, २०७३ ले निर्धारण गरेको अवस्था छ। साथै कुनै पनि पदको परीक्षा सञ्चालन गर्दा सो पदमा रही गर्नुपर्ने कामको प्रकृति र जिम्मेवारी समेतलाई विचार गरी पाठ्यक्रम, प्रश्नको प्रकार एवम् उत्तीर्णाङ्क आदि निर्धारण गरिनुपर्ने हुन्छ। सामान्यत: पाठ्यक्रम अङ्कभार, परीक्षा सञ्चालन विधि वा पूर्णाङ्क र उत्तीर्णाङ्क जस्ता विषय परीक्षा सञ्चालन गर्ने निकायले विज्ञसँग परामर्श गरी निर्धारण गर्न सक्ने भएतापनि जिल्ला न्यायाधीशको पदपूर्तीको परीक्षाको हकमा ऐनमा नै उत्तीर्णाङ्क तोकेको देखिँदा कानून निर्माताले जिल्ला न्यायाधीशले सम्पादन गर्नुपर्ने कार्यको प्रकृति र जिम्मेवारीका साथै समग्रमा सो पदको गरिमा र मर्यादा समेतलाई विचार गरी उत्तीर्णाङ्क पचास प्रतिशत निर्धारण गरेको भनी बुझ्नुपर्ने देखिन आयो। सो बमोजिम नै ऐनको दफा १३(४) ले परीक्षा उत्तीर्ण हुन प्रत्येक पत्रमा पचास प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने भनी निर्धारण गरेको देखियो। साथै सोही ऐनमा न्याय सेवा आयोगले जिल्ला न्यायाधीशको पदको परीक्षाको लागि आवश्यक पाठ्यक्रम र अङ्कभार आदि लोक सेवा आयोग तथा सम्बन्धित विषय विज्ञसँग परामर्श गरी निर्धारण गर्ने व्यवस्था गरेको देखिँदा सो आयोगले दफा १३ को उपदफा (४) ले तोकेको उत्तीर्णाङ्क समेतलाई विचार गरी पाठ्यक्रम तथा अङ्कभार निर्धारण गर्न सक्ने अवस्था देखिँदा पचास प्रतिशत उत्तीर्णाङ्कलाई अतिशयोक्ति रुपमा लिनुपर्ने देखिएन। साथै यो प्रश्न पनि नितान्त विधायिकी विवेक भित्रको नीतिगत विषय देखिएको र विधायिकाले आवश्यक देखेमा उक्त प्रावधानमा संशोधन वा पुनरावलोकन गरी उत्तीर्णाङ्क थपघट गर्न सक्ने[२] अवस्था समेत हुने नै हुँदा सो विषयमा यस इजलासले हस्तक्षेप गर्नु उचित देखिएन।

३५. यस सम्बन्धमा निवेदकले राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदका लागि लोक सेवा आयोगबाट लिइने परीक्षामा चालिस प्रतिशत अङ्क प्राप्त गरेमा उत्तीर्ण हुने व्यवस्था भएकोमा जिल्ला न्यायाधीशको परीक्षामा उत्तीर्ण हुन पचास प्रतिशत अङ्क ल्याउनुपर्ने व्यवस्था असमान र भेदभावयुक्त भएको भन्ने समेत जिकिर लिएको देखियो। तथापि न्याय सेवाका सहसचिव र जिल्ला न्यायाधीशको पद एवम् सो पदमा रही गर्नुपर्ने कामको प्रकृति र जिम्मेवारी नितान्त फरक देखिँदा सहसचिवको पदका लागि निर्धारण गरिएको उत्तीर्णाङ्क

---

[२] प्रस्तुत आदेश तयार गर्नु पूर्व मिति २०८२।४।१४ मा न्याय सेवा आयोग ऐन, २०७३ को दफा १३ को उपदफा (४) मा संशोधन भई उत्तीर्णाङ्क चालिस कायम गरेको छ।

लगायतका मापदण्ड नै जिल्ला न्यायाधीशको पदका लागि हुने परीक्षामा समेत हुबहु लागु हुनुपर्ने भन्नु उचित र तर्कसंगत हुने देखिएन। राज्यले फरक वर्ग वा समूहका लागि फरक प्रकृतिको कानून बनाउन सक्ने कानून निर्माणको स्वीकार्य मान्यता हो। तदनुरुप विधायिकाले नै जिल्ला न्यायाधीशको परीक्षाका लागि उक्त कानून निर्माण गरेको देखिन्छ। न्याय सेवा आयोग ऐन, २०७३ को उल्लिखित प्रावधानले जिल्ला न्यायाधीश पदमा नियुक्ति हुन संविधान बमोजिम योग्यता पुगेका जोसुकै व्यक्ति परीक्षामा सहभागी हुन निषेध नगरेको एवम् त्यसरी सहभागी भएका सबै परीक्षार्थीको लागि समान रुपमा एकै उत्तीर्णाङ्क कायम गरेको अवस्थामा त्यस्तो कानुनी व्यवस्थालाई असमान वा भेदभावकारी मान्न मिलेन। साथै, प्रतियोगितात्मक परीक्षामा कानूनले तोकेको अङ्क प्राप्त गर्न नसकी उत्तीर्ण हुन नसकेको अवस्थाबाट संविधानप्रदत्त रोजगारीको हक वा श्रमको हकमा आघात पुगेको भन्नु प्रतियोगितात्मक परीक्षा प्रणालीको मूल्य मान्यता अनुकूल समेत हुने देखिएन। संविधान बमोजिम नियुक्ति हुने जिल्ला न्यायाधीशको पदलाई कसैको रोजगारीको हक वा श्रमको हक सुनिश्चित गर्न नियुक्ति गरिने पदका रुपमा हेर्न मिल्दैन। जिल्ला न्यायाधीशको परीक्षा संविधान बमोजिम योग्यता पुगेका व्यक्तिहरू बिच प्रतिस्पर्धा गराई मेधावी र योग्यतम व्यक्ति छनोट गरिने संवैधानिक प्रकृया हो। यी निवेदक आफैं सो प्रकृयामा संलग्न रही परीक्षा (०७८-WC-००४०) मा अनुत्तीर्ण भएपछि प्राप्ताङ्कसम्बन्धी उल्लिखित कानूनी व्यवस्था रोजगारीको हक र श्रमको हकसम्बन्धी संविधानको व्यवस्थासँग बाझिएको भनी लिएको निवेदन दाबी निरर्थक र औचित्यहिन देखिन आयो। निवेदन दाबी बमोजिम न्याय सेवा आयोग ऐन, २०७३ को दफा १३(४) लाई अमान्य र बदर घोषित गर्नुपर्ने देखिएन।

३६. अब **रिट निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन** भन्ने अन्तिम प्रश्नतर्फ विचार गर्दा, माथि विवेचित आधार, कारण, संवैधानिक एवम् कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा निवेदकले दाबी लिएको न्याय सेवा आयोग ऐन, २०७३ को दफा १३ (४), न्याय परिषद् नियमावली, २०७४ को नियम ६ को उपनियम (३) र उपनियम (४) को व्यवस्था नेपालको संविधानसँग बाझिएको वा उक्त कानूनी प्रावधानले संविधान प्रदत्त कुनै मौलिक हक उपर अनुचित बन्देज लगाएको अवस्था समेत नहुँदा निवेदन मागबमोजिम उल्लिखित कानूनी व्यवस्थाहरूलाई अमान्य र बदर घोषित गरिरहनु पर्ने अवस्था देखिएन। साथै निवेदकले बदर गर्न माग गरेको जिल्ला न्यायाधीशको नियुक्ति लगायतको काम कारबाही सोही कानूनी व्यवस्था बमोजिम भए

गरेको देखिँदा उक्त निर्णय एवम् काम कारबाहीसमेत बदर गर्नुपर्ने अवस्था नभएकोले निवेदन माग बमोजिमको आदेश जारी गर्नुपरेन। प्रस्तुत रिट निवेदनहरू खारेज हुने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

<u>तपसिल</u>

१. प्रस्तुत रिट निवेदन यस इजलासबाट सुनुवाइ हुने गरी दर्ता हुँदा निवेदकले सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १५ बमोजिम धरौटी राखेको भएमा उक्त धरौटी रकम राजस्वमा सदर स्याहा हुने गरी लेखा शाखालाई लेखी पठाउनू।
२. प्रस्तुत आदेशको प्रतिलिपि सहितको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई पठाइदिनू।
३. प्रस्तुत आदेश यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी निवेदन दायरीको लगत कट्टा गरी मिसिल नियमनुसार अभिलेख शाखामा बुझाइदिनू।

(नहकुल सुवेदी)
न्यायाधीश

उक्त आदेशमा सहमत छौं।

| (तिल प्रसाद श्रेष्ठ) | (हरिप्रसाद फुयाल) | (कुमार रेग्मी) | (प्रकाशमान सिंह राउत) |
|---|---|---|---|
| न्यायाधीश | न्यायाधीश | न्यायाधीश | प्रधान न्यायाधीश |

इजलास अधिकृत : रेश्मा बुद्धाचार्य
कम्प्युटर अपरेटर : हर्क माया राई
इति संवत् २०८२ साल जेष्ठ महिना १४ गते रोज ४ शुभम्.......................................।

द्रष्टव्यः प्रस्तुत मुद्दाको आदेशको पूर्णपाठ तयार नगर्दै मिति २०८२।०५।२४ गते यस अदालतमा भएको आगजनी, तोडफोड र लुटपाटका कारण सक्कल मिसिल फेला नपरेको हुँदा पूर्णपाठ तयारीका लागि भएको सफ्टकपी टिपोट, मुद्दा व्यवस्थापन सफ्टवेयरबाट देखिएको प्रस्तुत मुद्दाको स्थिति (Status) समेतको आधारमा विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणीकरण सम्बन्धी निर्देशिका २०८२ को दफा ५ समेत बमोजिम यो आदेश तयार गरिएको छ।